# छुइगोठमुक्त अभियानमा जुट्यो तिला

**विजय रावत/हिटा**

**जुम्ला, ५ मंसिर**

जुम्लाको तिला गाउँपालिका छुइगोठमुक्त अभियानमा जुटेको छ। सो गाउँपालिकाभित्रका १४ गाउँबस्ती छुइगोठमुक्त भएका छन्। यहाँको गैरसरकारी संस्था सर्वोदय नेपालसँगको समन्वयमा गाउँपालिकाले छुइगोठमुक्त अभियानमा जुटेको गाउँपालिका उपाध्यक्ष विष्णु बुढाले हिमालय टाइम्सलाई बताउनुभयो।

समाजमा विकृतिका रूपमा जरो गाडेर बसेको छाउपडी प्रथा न्यूनीकरणका लागि छुइगोठमुक्त अभियान थालिएको गाउँपालिका उपाध्यक्ष बुढाले भन्नुभयो, 'छाउपडी प्रथा महिलाको वृद्धि विकासको बाधक हो। महिला सशक्तीकरण, लैंगिक समानता र विभेद न्यूनीकरणका लागि यो अभियान एक नमुना कार्यका रूपमा अघि बढेको छ। हालसम्म गाउँपालिकाका १४ बस्ती छुइगोठमुक्त भइसकेका छन्। बाँकी बस्ती छाउगोठमुक्त हुनेक्रम जारी रहेको उपाध्यक्ष बुढाले बताउनुभयो।'

सर्वोदय नेपाल र इटालियन फाउन्डेसनको सहयोगमा यहाँका बस्तीहरूमा छाउगोठमुक्त कार्य अघि बढेको छ। स्थानीय सरकारसँग समन्वय गरेर छाउगोठमुक्त अभियान तीव्र गतिमा अघि बढेको सर्वोदय नेपालका केन्द्रीय कार्यकारी निर्देशक धनबहादुर ऐरले बताउनुभयो।

सो गाउँपालिकाले २०२१ सम्म पूरै गाउँपालिकालाई छाउगोठमुक्त बनाइसक्ने रणनीति तयार पारेअनुसार हाम्रो पनि सहयोग रहेको छ। छाउगोठमुक्त बस्ती घोषणा गर्नका लागि महिनामा दुईपटक गाउँमा छलफल तथा सचेतनाका क्रियाकलाप हुने गरेको छ। प्रत्येक तीन महिनामा घरधुरी सर्वेक्षण र घरदैलो कार्यक्रम सञ्चालन गर्दै आएका कारण महिला दिदीबहिनीमा परिवर्तन आएको सर्वोदय नेपाल जुम्लाका कार्यकारी निर्देशक कमल खत्रीले बताउनुभयो।

वडापालिका र गाउँपालिकास्तरीय समन्वयात्मक बैठक तथा अनुगमन गरेर मात्र छाउगोठमुक्त बस्ती घोषणाको तयारी भएको हो। सरकारले छाउपडी उन्मूलन निर्देशिका ल्याए पनि कार्यान्वयनमा आउन सकेको छैन। निर्देशिकाले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्धारण गरेको छ। यो निर्देशिका गाउँसम्म पुग्न सकेको छैन। तिला-४ का स्थानीयवासी सिर्जना शाहीले भन्नुभयो, 'हाम्रो समाजमा छाउपडी प्रथाले हिंसा बढाइरहेको छ। महिला हिंसाको एक प्रमुख कारण छाउपडी प्रथा हो।'

# लागूऔषध ब्राउन सुगरसहित चारजना पक्राउ

**विवेक खड्का/दाङ।** दाङको तुलसीपुरबाट प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित चारजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा आमाछोरासहित थप दुई युवा रहेका छन्। पक्राउ परेका आमाछोरा तुलसीपुर क्षेत्रमा ब्राउन सुगरको मुख्य कारोबारी भएको प्रहरीको भनाइ छ। बुबाले भारतबाट ल्याउने र आमाछोराले पुरिया बनाएर बिक्रीवितरण गर्ने गरेको हुँदा उनीहरू नै तुलसीपुर क्षेत्रको मुख्य डिलरका रूपमा रहेको दाबी प्रहरीले गरेको छ।

प्रतिबन्धित लागूऔषध ब्राउन सुगरको गोप्यरूपमा बिक्रीवितरण भइरहेको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख डिएसपी श्यामु अर्यालको नेतृत्वमा खटिएको प्रहरी टोलीले आमाछोराले सँगै बसेर घरमै पुरिया बनाइरहेको अवस्थामा नियन्त्रणमा लिएको थियो।

त्यसरी पक्राउ पर्ने आमाछोरामा तुलसीपुर उपमहानगरपालिका-६ विद्युत् प्राधिकरणपछाडि घर भई तुलसीपुर-५ स्थित माइती घरमा बस्दै आएकी ३८ वर्षीया सुशीला श्रेष्ठ र उनका १८ वर्षीया छोरा रोहन श्रेष्ठ छन्। उनीहरू ब्राउन सुगरका १०० वटा पुरियासहित पक्राउ परेको डिएसपी अर्यालले बताउनुभयो। उनीहरूका साथबाट ९९ वटा साना पुरिया र एउटा ठूलो पुरिया गरी १०० वटा ब्राउन सुगरका पुरिया फेला परेको प्रहरीले जनाएको छ। उक्त ब्राउन सुगर प्लास्टिक हटाएर तौल गर्दा १९ ग्राम ७१० मिली ग्राम तौल भएको डिएसपी अर्यालले जानकारी दिनुभयो।

आमाछोरालाई सँगै बसेर ब्राउन सुगरको पुरिया बनाउँदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख डिएसपी श्यामु अर्यालले जानकारी दिनुभयो। उनीहरूले एउटा पुरियालाई कम्तीमा एक हजारदेखि एक हजार पाँच सयसम्म बिक्री गर्ने गरेको बयान प्रहरीसमक्ष दिएका छन्। श्रेष्ठका आमाछोरासमेत ब्राउन सुगरका प्रयोगकर्ता रहेको डिएसपी अर्यालले बताउनुभयो।

यसैबीच, प्रहरीले तुलसीपुरबाट थप दुईजना युवालाई ब्राउन सुगरसहित पक्राउ गरेको छ। तुलसीपुर-५ बसपार्क निवासी २५ वर्षीय धिरज बुढाथोकी र बबई गाउँपालिका-४ घर भई हाल तुलसीपुर-६ बरुवा गाउँमा कोठा भाडामा बस्ने २० वर्षीय प्रख्यात शाह शनिबार पक्राउ परेका छन्। गोप्य सूचनाका आधारमा प्रहरी निरीक्षक झलकप्रसाद शर्माको नेतृत्वमा खटिएको प्रहरी टोलीले बसपार्कवाट उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

# विद्यालय भवनमा क्षति पुगेसँगै विद्यार्थी चौरमा



**काठमाडौं/हिटा।** असोज ३१ गतेदेखि कात्तिक ३ गतेसम्म लगातार परेको अविरल वर्षाले विद्यालयको भवन र जमिन भासिँदा पठनपाठनमा समस्या भएको छ। बझाङको जयपृथ्वी नगरपालिका-१ कैलाशमा रहेको बेताल आधारभूत प्राथमिक विद्यालयको एकतले दुईकोठे भवन र दुईतले तीनकोठे भवन पूरै भासिएपछि विद्यार्थीहरूको पठनपाठनमा समस्या भएको हो। ०५४ मा स्थापना भएको उक्त विद्यालयमा छात्रछात्रा गरी १७४ जना विद्यार्थी अध्ययन गर्दै आएका छन्।

विद्यालयभित्र पठनपाठन गर्ने अवस्था नभएपछि अहिले विद्यालय नजिकै रहेको खेतमा राखेर पढाउने गरेको विद्यालयका प्रधानाध्यापक पुष्पराज जोशीले बताउनुभयो। उहाँले भन्नुभयो, 'विद्यालय बन्द गरौँ भने के गर्ने ? वैकल्पिक पढाइ गर्नुपर्ला भनेर नेपाल रेडक्रस सोसाइटी बझाङसँग पाल माग्न जाँदा विद्यालयमा पाल दिने व्यवस्था नभएको भन्दै रित्तै हात फर्काए। अर्कातिर छात्रछात्राको शौचालयसमेत पहिरोले पुरिँदा खुलारूपमा शौच गर्नुपर्ने अवस्था छ। विद्यालयमा रहेका पाँचवटा बालमैत्री धारा पहिरोले पुरिँदा पानीको समेत समस्या भएको छ।' जयपृथ्वी नगरपालिका-१ का वडाध्यक्ष तथा सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गगनबहादुर सिंहले वडा कार्यालयले यो आर्थिक वर्षको बजेट विनियोजन गरिसकेकाले त्यस्तो कुनै व्यवस्था नरहेको बताउनुभयो। विद्यालयका संरचना पुनर्निर्माण गर्न ठूलो बजेटको आवश्यकता रहेको र विद्यालयको जमिन सबै भासिएपछि विद्यालय नै सार्नुपर्ने भएकाले अभिभावक र जग्गा दातासँग समन्वय भइरहेको समेत बताउनुभयो।

त्यस्तै, जिल्लाको खप्तडछान्ना गाउँपालिका-१ खाती गाउँमा रहेको विद्यालय बगाएपछि अहिले खुलारूपमा पठनपाठन सुरु भएको छ। खाती गाउँमा रहेको जगदम्बा निमाविको आठकोठे पक्की भवन जडारी गाडमा आएको बाढीले बगाएपछि विद्यार्थीहरूलाई खुला चौरमा राखेर पठनपाठन सुरु गरिएको, विद्यालय भवन निर्माणका लागि विभिन्न निकायमा पहल गरेको भए पनि कुनै पनि ठाउँबाट सुनुवाइ नभएको विद्यालयका प्रधानाध्यापक लालबहादुर खत्रीले बताउनुभयो।

१६० जना विद्यार्थी संख्या रहेको उक्त विद्यालयका शौचालयसहित आठवटा कोठाहरू बगेर बगर बनाएपछि विद्यार्थीको पठनपाठन समेत अवरुद्ध भएको छ। घाम लागेका बेला विद्यालयमा नियमित पढाइ हुने भए पनि घाम अस्ताएपछि भने चिसो हुने भएका कारण विद्यार्थीसमेत बाहिर बस्न नमान्ने स्थिति आएको शिक्षकहरूले बताएका छन्। वर्षाका कारण बाढी र पहिरोले जिल्लाभरि ६५ वटा विद्यालयमा आंशिकरूपमा क्षति पुऱ्याएको छ। दुईवटा विद्यालय पूर्णरूपमा क्षति भएको सामाजिक विकास कार्यालय बझाङका प्रमुख वीरबहादुर धामीले बताउनुभयो। क्षतिको आँकलन गर्दा शैक्षिक क्षेत्रका भौतिक संरचनाहरूमा १० करोड ८१ लाख बराबरको क्षति भएको र सुदूरपश्चिम प्रदेश सरकारलगायत सरोकारवाला निकायमा क्षतिको विवरण पठाइसकेको समेत धामीले बताउनुभयो। उक्त निकायबाट विशेष बजेट आएको खण्डमा विद्यालयहरूको स्थलगत अनुगमन गरी काम अगाडि बढाउने र हालका लागि वैकल्पिक विधिबाट पढाइको व्यवस्था गरिने उहाँको भनाइ छ।

Local Government

**PANCHPOKHARI THANGPAL RURAL MUNICIPALITY**

**Office of the Rural Municipal Executive**

Thangpaldhap, Sindhupalchok

Bagmati Province, Nepal

**Invitation for Sealed Quotation**

(First date of publication: 22 November 2021)

Panchpokhari Thangpal Rural Municipality, Sindhupalchok invites only e-bid for the following goods under Sealed Quotation (SQ).

| S. N. | Tender No. | Tender Description | Price of Bid Document | Last Date of Bid Submission | Bid Opening Date | Bid Security |
|---|---|---|---|---|---|---|
| 1. | PTRM/ GOODS/SQ/ 5/2078/079 | Supply and Delivery of Agricultural Equipment | NRS. 1000.00 | 07 Dec. 2021, 12:00 Hours | 07 Dec. 2021, 13:00 Hours | NRS. 49000.00 |

Eligible bidders may obtain further information from Panchpokhari Thangpal Rural Municipality Office during office hour.

**Tel: 9751099842**
**Email: ito.panchpokharithangpalmun@gmail.com**

**भंगहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**महोत्तरी**

**आर्थिक बर्ष ०७८/०७९ मा नदीजन्य पदार्थ संकलन, उत्खनन् र घाटगद्दी गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान**

**तेस्रो पटक प्रकाशित मिति :२०७८/०८/०६**

यस नगरपालिकाको क्षेत्रभित्र पर्ने **रातु नदी हतिसरवा खण्ड, रातु नदी भुताहा खण्ड, भुताहा खोला र सानो रातु खोला, रातु नदी रामनगर विर्ता खण्डहरुबाट** ढुंगा, गिट्टी र बालुवा लगयात नदिजन्य पदार्थहरु (दहत्तर बहत्तर) संकलन, उत्खनन् र घाटगद्दी गरी निकासी एवंम बिक्री वितरण गर्ने कार्य निर्धारित मापदण्डहरु तथा नगरपालिकाले तोकेका शर्तहरु बमोजिमको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट **७ (सात) दिन भित्र** रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र **तेस्रो पटक** आव्हान गरिएको छ। निर्धारित शर्तहरु यस नगरपालिकाको वेवसाइट www.bhagahamun.gov.np मा राखिएको छ।

| क्र. सं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उत्खनन् बस्तु | कुल उत्खनन् परिमाण (क्यु.फिट.) | न्युनतम अंक ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक) | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/ NCB/ Bhangaha/ ०७८/७९ | नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) संकलन , उत्खनन् र घाटगद्दी गरि निकासी एवंम बिक्री वितरण गर्ने | रातु नदी हतिसर वा खण्ड, रातु नदी भुताहा खण्ड, भुताहा खोला र सानो रातु खोला, रामनगर विर्ता खण्ड | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा (दहत्तर बहत्तर) | ५५,०२,१३०.९९ | रु.३,८५,१४,९१६।९३ | कबोल अंकको ५% | रु. ३०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

**खाँडादेवी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**माकादुम, रामेछाप**

**बागमती, प्रदेश नेपाल**

**ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा विक्री सम्बन्धी ठेक्काको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना।**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०८/०६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क र प्रदेश आर्थिक ऐन, २०७८ को दफा ६ (२) मा भएको व्यवस्था अनुसार **(खाँडादेवी गाउँकार्यपालिकाका को मिति २०७८/०८/०३ गतेको निर्णयले सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ९ को व्यवस्था अनुसार प्रथम सूचनाको ठेक्का रद्द गरी)** आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत आर्थिक वर्ष २०७८/०७९ का लागि तपशिल बमोजिमको सर्तमा **सुनकोसी र तामाकोसी नदी किनारको ढुंगा, गिट्टी, वालुवा** तोकिएको स्थानवाट उत्खनन् तथा निकासी कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएको हुँदा उल्लेखित न्युनतम ठेक्का अंकमा नघट्ने गरी शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। नेपाल सरकार बाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**ठेक्काको विवरण**

| सि. न. | ठेक्का नं. | ठेक्काको विवरण | कूल जम्मा न्युनतम वार्षिक ठेक्का अंक (मू.अ.क कर बाहेक) | बोलपत्र फारम दस्तुत रु. | संकलन तथा निकासीको परिमाण | शुल्क प्रति घन फिट (मु.अ.क.बाहेक) | बोलपत्र खरिदको अन्तिम मिति र समय | बोलपत्र दर्ताको अन्तिम मिति र समय | धरौटी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | KRM/NCB/ Rajaswa- 01/078/79 | कोथपे बगर, बगडी बगर, घुमाउने चौर बगर, बेलघारी बगर, माझी बस्ती बगर, खैरेनी घुमाउने बगर, खैरेनी बगर | रु.६०,००,०००।००/- (रु. साठी लाख मात्र) | रु.३०००/ (रु. तिन हजार मात्र) | ६ लाख ६६ हजार ६ सय ६७ घन फिट | प्रति घन फिट रु.९/- (रु.नौ मात्र) | २०७८/०८/२० गते कार्यालय समय | २०७८/०८/२१ गते दिनको १२.०० बजे र ठेक्का खोल्ने समय सोहि दिन दिनको २.०० बजे | कबोल अंकको ५% |
| २ | KRM/NCB/ Rajaswa- 02/078/79 | डफ्का बगर, चहारी बगर, घोर्मा बगर, डी बगर, पुडिगघारी बगर, माझ बगर, तल्लो बगर, गरुन बगर, ढोके आप बगर, तिलेखोला बगर | रु.५०,००,०००।००/- (रु. पचास लाख मात्र) | रु.३०००/ (रु. तिन हजार मात्र) | ५ लाख ५५ हजार ५ सय ५६ घन फिट | प्रति घन फिट रु.९/- (रु.नौ मात्र) | २०७८/०८/२० गते कार्यालय समय | २०७८/०८/२१ गते दिनको १२.०० बजे र ठेक्का खोल्ने समय सोहि दिन दिनको २.०० बजे | कबोल अंकको ५% |

इच्छुक योग्य बोलपत्र दाताहरुले आफुले कबोल गरेको अंकको **५% ले** हुने रकम यस कार्यालयको **लक्ष्मी बैक लि. खाँडादेवी शाखा** माकादुम स्थित **धरौटी खाता नं. ०८५०३०००१९०** मा जम्मा गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक बाट जारी गरेको कम्तिमा **९० दिन** म्याद भएको बिड सेकुरिटी संलग्न राखि साथै बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यावसाय दर्ताका प्रमाणित इजाजत पत्र,अद्यावधिक नविकरण फर्म,संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व.२०७७/०७८ को कर चुक्ताको प्रमाणपत्र,बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको **लक्ष्मी बैक लि**. मा रहेको आन्तरीक **राजस्व खाता नं.०८५०३००००२६ मा** जम्मा गरेको भौचर (**रकम फित्ता नहुने**) समेत समावेश गरि दर्ता गर्नुपर्नेछ।

**नोटः बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा www.khandadevimun.gov.np हेर्नहुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ। सम्पर्क नं.९८५४०४३७४०, ९८४९६१९९८६।**

**प्रमुख प्रशासकीय अधिकृत**